आज मिति २०८२ साल श्रावण ०२ गते शुक्रबार नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको ५० (पचासौं) बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका उपस्थितमा बसी देहाय बमोजिमको निर्णय गरीयो।

**उपस्थिति**

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

४. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

५. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

६. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

७. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

८. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

९. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

१०. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

११. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१२. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१३. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१४. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१५. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१६. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१७. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१८. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

१९. नगर कार्यपालिका सदस्य : श्री शुसिला परियार

२०. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२१. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

२२. सचिव एवं प्रमुख प्रशासकीय अधिकृत: श्री कृष्ण गिरी

निर्णयार्थ पेश भएका विषयहरु:

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।

२. नियुक्ति गर्ने सम्बन्धमा।

३. स्थानीय दररेट स्वीकृत गर्ने सम्बन्धमा।

४. योजनाको म्याद थप गर्ने सम्बन्धी निर्णय अनुमोदन सम्बन्धमा।

५. आर्थिक वर्ष २०८२/०८३ को लागि दोश्रो नगर सभाको सातौं अधिवेशनबाट स्वीकृत भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) कार्यान्वयन प्रकृया सम्बन्धमा।

६. सेवा करार नवीकरण सम्बन्धमा।

७. तलब भत्ता बेहोर्ने सम्बन्धमा।

८. कर्मचारी फिर्ता सम्बन्धमा।

९. संस्था दर्ता सम्बन्धमा।

१०. विविध।

निर्णयहरु:

निर्णय नम्बर १:

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो।

निर्णय नम्बर २:

प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशको विज्ञापन नं. ३६/०८१-८२ (महिला), स्थानीय सेवा तर्फ, सातौं तह (अप्राविधिक), प्रशासन सेवा, सामान्य प्रशासन समूह, अधिकृत सातौं वा सो सरह पदको लागि आयोगको मिति २०८२/०३/२५ को निर्णयानुसार सिफारिस हुनुभएका श्री अनिता अधिकारीलाई मिति २०८२/०४/०२ गतेदेखि लागु हुने गरी बागमती प्रदेश सरकारको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा १७ अनुसार नियुक्ति गरी प्रशासन शाखामा पदस्थापना गर्ने।

निर्णय नम्बर ३:

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३ को प्रयोजनको लागि न्यूनतम दररेट निर्धारण गर्ने सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ बमोजिम गठित दररेट निर्धारण समिति, काभ्रेपलाञ्चोकबाट स्वीकृत आर्थिक वर्ष २०८२/०८३ को जिल्ला दररेटलाई आधार मानी भवन निर्माण कार्य (Building works) र सडक निर्माण कार्य (Road works) को लागि प्राविधिक शाखाबाट तयार गरी पेश भएका आर्थिक वर्ष २०८२/०८३ को विश्लेषण सहितको दररेट स्वीकृत गरी कार्यान्वयन गर्ने। साथै

मन्दिर, चैत्य, गुम्बा, पाटी जस्ता पुरातात्विक र कलात्मक निर्माण कार्यमा प्रयोग हुने कालिगढ कामदारको ज्यालाको लागि पुरातत्व विभाग, काठमाडौले स्वीकृत गरेको दर रेट प्रयोग गर्ने र निर्माण सामाग्रीको हकमा जिल्ला दररेटमा नभएका सामाग्रीको लागि काठमाडौ तथा अन्य जिल्लाको स्वीकृत दर रेटमा ढुवानी भाडा समायोजन गरी दररेट कायम गर्न स्वीकृत गर्ने।

निर्णय नम्बर ४:

आर्थिक वर्ष २०८१/०८२ को लागि बागमती प्रदेश सरकारबाट प्राप्त समपूरक अनुदान अन्तर्गत संचालन गरिएको वडा नम्बर ०५ स्थित कानपुर डाँडा गाउँ हुँदै वि.पि. राजमार्ग जोड्ने सडक क्रमागत र वडा नम्बर ०८ स्थित भकुण्डेबेशी आरुबारीचौर तल्लो हटिया दाप्चा सडक योजना विविध कारणले निर्धारित समय भित्र सम्पन्न गर्न नसकिएको हुँदा सो कार्य सम्पन्न गर्नका लागि नियमानुसार छनोट भएका निर्माण व्यवसायीहरुको उल्लेखित योजनाको बाँकि कार्य सम्पन्न गर्नका लागि म्याद थप गर्ने सम्बन्धमा भएको नगर प्रमुख स्तरीय निर्णय अनुमोदन गर्ने।

निर्णय नम्बर ५:

नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको सातौं अधिवेशनबाट आर्थिक वर्ष २०८२/०८३ को लागि स्वीकृत भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) कार्यान्वयन तपशिल बमोजिम गर्ने।

तपशिलः

क. नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको सातौं अधिवेशनबाट आर्थिक वर्ष २०८२/०८३ को लागि स्वीकृत भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) मा सामान्यतया २०,००,००० (बिस लाख) सम्म बजेट विनियोजन भएका पूर्वाधार विकास तर्फका योजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउने र उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाहरुको हकमा देहाय बमोजिमको कार्ययोजना अनुसार कार्यान्वयन गर्ने।

देहायः

| क्र.म | विवरण | समयावधि | कैफियत |
|---|---|---|---|
| १ | उपभोक्ता समिति गठन गर्ने अन्तिम मिति र अभिमूखिकरण कार्यक्रम | असोज मसान्तसम्म | |
| २ | योजना सम्झौता गर्ने अन्तिम मिति | कार्तिक मसान्तसम्म | |
| ३ | कार्य सम्पन्न गर्नुपर्ने अन्तिम मिति | चैत्र मसान्तसम्म | |

ख. नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको सातौं अधिवेशनबाट आर्थिक वर्ष २०८२/०८३ को लागि स्वीकृत भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) मा माथि उल्लेख भएको बुद्दा नम्बर क. अर्थात् उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरु बाहेक वा

उपभोक्ता समितिं मार्फत संचालन नहुने योजनाहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित कानूनमा व्यवस्था भए बमोजिम सिलबन्दी दरभाउपत्र, क्याटलक वा विद्युतीय बोलपत्र (e-bid) लगायतका विधि मार्फत माथि उल्लेखित बुद्दा क. को कार्य तालिका बमोजिम कार्यान्वयन गर्ने।

ग. आर्थिक वर्ष २०८२/०८३ को लागि विभिन्न निकायबाट विनियोजन भएका योजनाहरुको कार्यान्वयनका लागि सहजीकरण गर्न यस नमोबुद्ध नगरपालिकाको पूर्वाधार विकास समितिमा छलफल गरी निष्कर्ष नगर प्रमुखज्यू समक्ष पेश गर्ने र सो निष्कर्ष अनुसार सम्बन्धित कार्यालयसँग आवश्यक छलफल, समन्वय र सहकार्य गरी समयमा नै सम्पन्न गर्ने वातावरण बनाउने।

निर्णय नम्बर ६:

नगरपालिका भित्रका सम्पूर्ण वडामा कार्यरत कर्मचारी, विभिन्न शाखामा कार्यरत कर्मचारी, विभिन्न स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी तथा सम्बन्धित कर्मचारी, शैक्षिक संस्थामा कार्यरत सम्बन्धित कर्मचारी, नगर प्रहरी, कार्यालय सहयोगी लगायत नगरपालिका र मातहतको कार्यालयमा दैनिक प्रशासनिक कार्य संचालनका लागि विभिन्न मितिमा करार सम्झौता तथा ज्यालादारीमा नियुक्त भई कार्यरत कर्मचारीहरुको नगरपालिकाले आवश्यकता र औचित्यका साथै कार्य सम्पादन मूल्यांकन आधारमा नगरपालिकाको दैनिक प्रशासनिक कार्य संचालन गर्नका लागि आवश्यक पर्ने कर्मचारीहरुको म्याद थप तथा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्य नगर प्रमुखसँग समन्वय गरी कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

निर्णय नम्बर ७:

नगरपालिका भित्रका संघीय सरकारको विभिन्न आयोजनाहरुमा कार्यरत निश्चित प्रतिशत तलब नगरपालिकाले थप्नुपर्ने करारमा कार्यरत कर्मचारीहरुको संघबाट प्राप्त रकममा नपुग तलबभत्ता नगरपालिकाले थप गरी करार नवीकरण गर्ने।

निर्णय नम्बर ८:

यस नगरपालिकाबाट वडा नम्बर ०४ स्थित प्रादेशिक अस्पताल श्री मेथिनकोट अस्पतालमा कामकाजका लागि खटाईएका करार सेवामा कार्यरत कर्मचारीलाई नगरपालिका मातहतका अन्य स्वास्थ्य संस्थामा खटाउने।

निर्णय नम्बर ९:

नमोबुद्ध नगरपालिका १० नम्बर वडा कार्यालयबाट प्राप्त प.सं. २०८१/०८२, च.नं. ९७४, मिति २०८२/०३/२९ गतेको सिफारिस साथ प्राप्त आवश्यक कागजात अनुसार नमोबुद्ध नगरपालिकाको संस्था दर्ता सम्बन्धी ऐन, २०७७ बमोजिम श्री राधा कृष्ण संकीर्तन सेवा संस्था नियमानुसार दर्ता गर्ने।

निर्णय प्रमाणित